आज मिति २०७९ साल कात्तिक २३ गते बुधबारका दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेशचन्द श्रेष्ठ ज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | — |
| ११ | वेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | — |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |
| २७ | सुदिप श्रेष्ठ | स. क. अ. | |
| २८ | सुर्य ब. कार्की | स्रोत व्यक्ति | |
| | | | |

प्रस्तावहरु:

१. भूमि वर्गीकरण सम्बन्धमा
२. उर्जा विकास समिति गठन गर्ने सम्बन्धमा
३. बहुक्षेत्रीय पोषण योजना कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा
४. खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी योजनाको लागि बजेट माग गर्ने सम्बन्धमा
५. सार्वजनिक सुनुवाई सम्बन्धमा
६. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यन्वयन सम्बन्धमा
७. नीजि विद्यालय दर्ता स्तरवृध्दि सिफारिस सम्बन्धमा
८. विद्यालय स्थानान्तरण शुल्क निर्धारण सम्बन्धमा
९. आर्थिक विकास समितिको निर्णय अनुमोदन
१०. आर्थिक वर्ष २०७९/८० को वार्षिक आय व्यय सार्वजनिक गर्ने सम्बन्धमा
११. विविध

**निर्णय नं. १**

भूयपयोग नियमावली २०७९ र भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७९/०२/३० को पत्र अनुसार नगरपालिकाको जग्गालाई कृषि र गैर कृषि क्षेत्रमा छुट्याउनै पर्ने, नछुट्याएमा नगरको जग्गाको कारोबार नै गर्न नमिल्ने भएकोले मिति २०७९/०५/२३ गते बसेको नगर भूउपयोग कार्यन्वयन समितिको बैठकले सबै वडाले नियमावलीले तोकेको मापदण्ड अनुसार जग्गा वर्गीकरण गरी १० दिन भित्र नगरमा सिफारिस गर्ने भनिएको तर प्राविधिक कारणले सो काम हुन नसकेकोले यहि कातिक २८ गतेभित्र भूमि वर्गीकरण गरी सक्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नगरपालिकाको नवीकरणीय उर्जा सम्बन्धी कार्य गर्न कटारी नगरकार्यपालिकाको उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि २०७७ को दफा ३ बमोजिम पूर्वाधार विकास समिति अन्तर्गत रहने गरी तपशिल बमोजिमको ५ सदस्यीय उर्जा विकास उपसमिति गठन गर्ने निर्णय गरियो ।

संरक्षक - नगर उपप्रमुख

सल्लाहकारहरु:

- प्रमुख प्रशासकीय अधिकृत
- पूर्वाधार विकास समितिको संयोजक

संयोजक -एक जना वडाध्यक्ष वा कार्यपालिका सदस्य- देवी कुमारी घिमिरे

सदस्य -चार जना सदस्य (विषयगत विज्ञ, महिला र दलितसहित) - मन्जु कुमारी राई दनुवार, मेलिना श्रेष्ठ, हेम कुमारी बि.क. र भगवती अधिकारी

**निर्णय नं. ३**

२०७९ भाद्र २५ गते नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको नगरस्तरीय पोषण तथा खाद्ध सुरक्षा समितिको बैठकको निर्णयानुसार आव ७९।८० को तपशिल बमोजिमको बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | बिषयगत क्षेत्रको क्रियाकलापहरु | इकाई | परिणाम | प्रति इकाई मुल्य हजारमा | जम्मा रकम रु (हजारमा) | श्रोत (नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य बिकास साझेदार) रकम खुलाउने | कै |
|---|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | | | | | | |
| १.१ | नगरपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको बैठक। | पटक | ४ | १० | ४०,०००। | युरोपीयन युनियन – नगद अनुदान (वैदेशिक) | |
| १.२ | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | पटक | १४ | ३०००। | ४२०००। | युरोपीयन युनियन नगद अनुदान वैदेशिक) | |
| १.३ | पोषण सहजकर्ताकोलागि पारिश्रमिक ,पोशाक, सँचार | जना | १ | ३०८५०० | ३०८५००। | युरोपियन युनियन – नगद अनुदान (वैदेशिक) | |
| १.४ | पोषण सम्बन्धि बाल अनुदानको प्रभावकारी अपयोगका लागि आमा तथा शिशु स्याहारकर्ताहरु लाई पोषण सम्बन्धि अभिमुखिकरण । | पटक | १० | १०,०००। | १००,०००। | युर योपियन नियन– नगद अनुदान (वैदेशिक) | |
| १.५ | स्वास्थ्य सँस्था तथा बर्थिङसेन्टरका सुत्केरी महिलाहरुसँग उपमेयर कार्यक्रम (घ्यु ,ज्वानो ) वितरण । | जना | ८८८.८ | ९०० | ९३४५००। | न. पा.÷ युर योपियन नियन– नगद अनुदान (वैदेशिक) | |
| २ | महिला/बालविकास | | | | | | |
| २.१ | पोषण सुधारका लागि सुनौलो हजारदिनका महिला सँहकारी वा महिला समुहका सदस्यहरुलाई पोषण सुधारका लागि आयआर्जनका लागि कार्यक्रम | जना | २५ | २५०००। | ६२५०००। | युरोपियन युनियन– नगद अनुदान (वैदेशिक) | |

| सि.नं. | बिषयगत क्षेत्रको क्रियाकलापहरु | इकाई | परिणाम | प्रति इकाई मुल्य हजारमा | जम्मा रकम रु (हजारमा) | श्रोत (नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य बिकास साझेदार) रकम खुलाउने | कै |
|---|---|---|---|---|---|---|---|
| ३ | कृषि विकास | | | | | | |
| ३.१ | सुनौलोह हजार दिनका आमाहरु लाई तरकारीको ( विउँ विजन) वितरण कार्यक्रम तथा (प्रशिक्षण) | जना | ५० | १४००। | १००,०००। | युरोपियन युनियन– नगद अनुदान | |
| ४ | पशु विकास | | | | | | |
| ४.१ | सुनौलो हजार दिनका आमाहरु लाई कुखुराको चल्ला वितरण (ढुवानी) | जना | ५० | १६०० | १०००००। | युरोपियन युनियन – नगद अनुदान | |
| ५ | शिक्षा शाखा | | | | | | |
| ५.१ | आईरन फोलिक एसिड सम्बन्धी प्र. अ.÷विद्यालयका फोकल शिक्षक÷शिक्षिका तथा किशोरीहरु लाई अभिमुखीकरण तालिम | जना | १०० | | १००,०००। | न. पा. | |
| ६ | स्वास्थ्य शाखा | | | | | | |
| ६.१ | कूपोषित बच्चाहरुको Screening गर्ने स्वास्थ्य कर्मी र स्वास्थ्य म.स्वय.से.परिचालन गर्ने । | जना | ५८/७८ | | १५०,०००। | युरोपियन युनियन नगद अनुदान । | |

**निर्णय नं ४**

नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) को मौजुदा स्थिति पता लगाई नगरवासीलाई WASH सेवाको सुनिश्चितता र सेवामा स्तरीकरण गर्न WASH Plan तर्जुमा गर्न कुल लागतको ५० प्रतिशत सङ्घीय साझेदारी कार्यक्रम शीर्षकबाट व्यहोर्ने र बाँकी ५० प्रतिशत लागतको लागि खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय, प्रदेश नं. १ मा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

आर्थिक वर्ष ०७९/८० को पहिलो चौमासिकमा नगरपालिकाबाट भएको सेवा प्रवाहको प्रगति तथा खर्च विवरण सार्वजनिक गर्न सूचनाको हक सम्बन्धी ऐन तथा सुशासन ऐन बमोजिम २०७९ मसिंर २१ गते बेतिनीमा गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

आ.व. २०७९/८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस नगरपालिकाको लागि स्वीकृत भएका तपशिल बमोजिमका आयोजना कार्यन्वयनको लागि सम्झौता गर्न सम्बन्धित विद्यालयलाई लेखी पठाउने निर्णय गरियो ।

| सि. नं. | बिद्यालयको नाम | छनोट भएको कार्यक्रम | बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | पंचावती माध्यमिक बिद्यालय, कटारी १ | ४ कोठे भवन | ४५०० | |
| २ | कालिका माध्यमिक बिद्यालय, कटारी ७ | २ कोठे भवन | २२५० | |
| ३ | आधारभूत विद्यालय सिरिसे अहाले, कटारी ९ | ICT | ६५० | |
| ४ | जनप्रेमी माध्यमिक बिद्यालय, कटारी ७ | ICT | ६५० | |
| ५ | जनता माध्यमिक बिद्यालय, कटारी २ | ICT | ६५० | |

**निर्णय नं ७**

कटारी नगरपालिकाको नीति तथा कार्यक्रम, योजना र न.पा. को जानकारी सम्बन्धी पुस्तिका २०७८/०७९ मा विद्यालयको दर्ता, स्तरबृद्धि शुल्क र सिफारिस दस्तुर स्वीकर्त भइ कायम भएकोमा उक्त शुल्क तहगत रुपमा वृद्धि नभइ कक्षागत रुपमा वृद्धि गरिएकाले बर्षै पिच्छे विद्यालयहरुलाई बढी आर्थिक व्यय भार पर्ने भएकाले उक्त शुल्क समसामायिक तथा न्यायोचित देखिदैंन अतः उक्त शुल्कलाई तपशिल अनुसारको कायम गर्ने निर्णय गरियो ।

तपशिल

| कक्षा | आ.व. २०७८/०७९ मा पारित भएको शुल्क | परिमार्जन गरी कायम गरिएको शुल्क | कैफियत |
|---|---|---|---|
| शिशु कक्षा | - | १००००।- | आ.व.२०७८/०७९ मा कायम नभएको |
| १ | १५०००।- | २५०००।- | |
| २ | १७५००।- | ५०००।- | |
| ३ | २००००।- | ५०००।- | |
| ४ | २२५००।- | ५०००।- | |
| ५ | २५०००।- | ५०००।- | |

| कक्षा | आ.व. २०७८/०७९ मा पारित भएको शुल्क | परिमार्जन गरी कायम गरिएको शुल्क | कैफियत |
|---|---|---|---|
| ६ | ३००००।- | ४००००।- | |
| ७ | ३५०००।- | ७०००।- | |
| ८ | ४००००।- | ७०००।- | |
| ९ | ५००००।- | ५००००।- | |
| १० | ६००००।- | १००००।- | |
| ११ | ८००००।- | ६००००।- | |
| १२ | -------- | २००००।- | आ.व.२०७८/०७९ मा कायम नभएको |

**निर्णय नं ८**

यस नगरभित्र सञ्चालित संस्थागत विद्यालयहरु एक स्थानवाट अर्को स्थानमा, एक वडावाट अर्को वडामा तथा अन्तर पालिका स्थानान्तरण गर्दा तपशिलको शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल

| तह/कक्षा | शुल्क रकम | कैफियत |
|---|---|---|
| शिशु बाल कक्षा | १००००।- | |
| आधारभूत तह (१-५) | २५०००।- | |
| आधारभूत तह (१-८) | ४००००।- | |
| माध्यमिक तह (९-१०) | ७५०००।- | |
| माध्यमिक तह (११-१२) | १०००००।- | |

**निर्णय नं ९**

मिति २०७९/०७/२० गते आर्थिक विकास समितिवाट अनुदानको मल वितरण सम्बन्धी स्थानीय समिति गठन तथा मल वितरणको लागी कृषि छनौट सम्बन्धमा भएको निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस कटारी नगरपालिकाको आ.व. २०७८/७९ मा भएको आय व्यय विवरण सार्वजानिक गर्ने निर्णय गरियो ।

कटारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, उदयपुर

कार्यालयको कोड : ८०१११४०१३००

Sectors wise Budget vs Expenditure

आ.व. : २०७८/७९ महिना : सबै अवधी : २०७८/०४/०१-२०७९/०३/३२

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **८,१२,२३,८४२.००** | **५,४१,०५,१५१.००** | **६६.६१** | **२,७१,१८,६९१.००** |
| १ | कृषि | ३,१४,५६,०००.०० | १,८७,८४,४१८.०० | ५९.७२ | १,२६,७१,५८२.०० |
| २ | उद्योग | ३२,००,०००.०० | ३२,००,०००.०० | १०० | ०.०० |
| ३ | पर्यटन | ८३,५४,८४२.०० | ८१,०२,५८१.०० | ९६.९८ | २,५२,२६१.०० |
| ४ | जलश्रोत तथा सिंचाई | ३,५५,१९,०००.०० | २,१४,०९,६६०.०० | ६०.२८ | १,४१,०९,३४०.०० |
| ५ | पशुपन्छी विकास | २६,९४,०००.०० | २६,०८,४९२.०० | ९६.८३ | ८५,५०८.०० |
| **२** | **सामाजिक विकास** | **४६,६८,३५,७२६.०५** | **४३,२९,३८,१५०.३७** | **९२.७४** | **३,३८,९७,५७५.६८** |
| १ | शिक्षा | २९,५२,४८,००१.०० | २७,८०,८१,०६०.१६ | ९४.१९ | १,७१,६६,९४०.८४ |
| २ | स्वास्थ्य | ९,७८,११,००१.०० | ८,७१,१९,५९५.७१ | ८९.०७ | १,०६,९१,४०५.२९ |
| ३ | खानेपानी तथा सरसफाई | ६०,४०,०००.०० | ५८,१९,३३४.०० | ९६.३५ | २,२०,६६६.०० |
| ४ | भाषा तथा संस्कृति | १,११,७६,९०५.१९ | १,०२,५४,६८०.०० | ९१.७५ | ९,२२,२२५.१९ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३,०२,२९,८१८.८६ | २,८६,१२,४३३.०० | ९४.६५ | १६,१७,३८५.८६ |
| ६ | युवा तथा खेलकुद | १,०५,४०,०००.०० | ९०,६४,११७.०० | ८६ | १४,७५,८८३.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १,५७,९०,०००.०० | १,३९,८६,९३०.५० | ८८.५८ | १८,०३,०६९.५० |
| **३** | **पूर्वाधार विकास** | **१२,२९,४१,९९३.००** | **११,११,८०,२६९.००** | **९०.४३** | **१,१७,६१,७२४.००** |
| १ | यातयात पूर्वाधार | ९,७१,६५,०००.०० | ८,६५,८०,६४४.०० | ८९.११ | १,०५,८४,३५६.०० |
| २ | भवन, आवास तथा सहरी विकास | १,९०,२६,९९३.०० | १,८०,८१,८०१.०० | ९५.०३ | ९,४५,१९२.०० |
| ३ | उर्जा | ६५,००,०००.०० | ६२,७२,१५६.०० | ९६.४९ | २,२७,८४४.०० |
| ४ | संचार तथा सूचना प्रबिधि | १,५०,०००.०० | १,४९,६६८.०० | ९९.७८ | ३३२.०० |
| ५ | सम्पदा पूर्वाधार | १,००,०००.०० | ९६,०००.०० | ९६ | ४,०००.०० |
| **४** | **सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र** | **८१,०४,०००.००** | **७५,७२,८३२.००** | **९३.४५** | **५,३१,१६८.००** |
| १ | विपद व्यवस्थापन | ३०,००,०००.०० | २७,२५,९०६.०० | ९०.८६ | २,७४,०९४.०० |
| २ | मानब संशाधन विकास | ५०,०००.०० | ५०,०००.०० | १०० | ०.०० |
| ३ | शान्ति तथा सुव्यवस्था | २८,००,०००.०० | २७,८३,३३४.०० | ९९.४ | १६,६६६.०० |
| ४ | तथ्यांक प्रणाली | २१,५४,०००.०० | १९,१३,५९२.०० | ८८.८४ | २,४०,४०८.०० |
| ५ | गरिबी निवारण | १,००,०००.०० | १,००,०००.०० | १०० | ०.०० |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१२,५५,४५,००३.००** | **११,७८,१६,५५५.७५** | **९३.८४** | **७७,२८,४४७.२५** |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,५५,४५,००३.०० | ११,७८,१६,५५५.७५ | ९३.८४ | ७७,२८,४४७.२५ |
| **कुल जम्मा** | | **८०,४६,५०,५६४.०५** | **७२,३६,१२,९५८.१२** | **८९.९२** | **८,१०,३७,६०५.९३** |

निर्णय नं ११ - विविध

क) विभिन्न मितिमा दर्ता भएका आर्थिक सहयोगको निवेदनहरु मध्ये तपसिल बमोजिमको व्यक्ति/संस्थाहरुलाई अन्य समाजिक सहयता शीर्षकवाट खर्च लेख्ने निर्णय गरियो।

| सि. नं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | रकम (रु.) |
|---|---|---|---|---|
| १ | राधिका सुनुवार | १० | घरबाट लडी दाहिने हात भाचिएको | १०,००० |
| २ | नेत्र बहादुर खडका | १ | रुखबाट लडी घाइते र आर्थिक विपन्नता | २०,००० |
| ३ | देब कुमार दनुवार | २ | १ बर्षे बच्चाको उपचार | २५,००० |
| ४ | गोमा खडका | २ | क्यान्सर र आर्थिक विपन्नता | २५,००० |
| ५ | भागीराम परिवार | ७ | प्रेसर, असक्तता र आर्थिक विपन्नता | २५,००० |
| ६ | मेघ राज राई | १० | दुर्घटनामा परि फियो अपरेसन तथा आर्थिक विपन्नता | १५,००० |
| ७ | केसब श्रेष्ठ | ४ | छोरिको मुटु अपरेसन | २५,००० |
| ८ | धन बहादुर मगर | १० | टाउकोको अपरेसन र आर्थिक विपन्नता | २५,००० |
| ९ | प्रेम माया दमिनी | ६ | प्यारालाइसिस र आर्थिक विपन्नता | १०,००० |
| १० | सुसिला कार्की | १ | क्यान्सर र आर्थिक विपन्नता | २५,००० |
| सि. नं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | रकम (रु.) |
| ११ | बिरधोज तामांग | ५ | ए प्लास्टिक एमोनिया रोग र आर्थिक विपन्नता | २५,००० |
| १२ | दुर्गा बहादुर राई | ३ | असक्तता र आर्थिक विपन्नता | १५,००० |
| १३ | भरत मुसहर | ४ | खुट्टा भाचिएको र आर्थिक विपन्नता | २५,००० |
| १४ | पशुपति महतो | २ | सामग्री खरिद | २५,००० |
| १५ | रत्न कुमारी राउत | १२ | स्तन क्यान्सर र आर्थिक विपन्नता | २५,००० |
| १६ | मोहन कुमार धमला | २ | अपांगता र आर्थिक विपन्नता | २५,००० |
| १७ | हरि प्रसाद पराजुली | ३ | मिर्गौला फेल | २५,००० |
| १८ | डिक बहादुर बिक | ५ | छोरि करिष्मा बिकको मृत्यु भएको | १५,००० |
| १९ | बेद नारायण श्रेष्ठ | ५ | ख वर्ग अपाङ्ग र आर्थिक विपन्नता | १०,००० |
| २० | रत्न बहादुर बिष्ट | ४ | प्रोस्टेट क्यान्सर | २५,००० |
| २१ | सुकु लक्ष्मी दनुवार | ७ | घुडा दुख्ने दिर्घ रोग | १५,००० |
| २२ | बलविर पुन | १२ | कलेजोमा समस्या | १५,००० |
| २३ | हनक राई | ५ | आखाँमा चोट | १५,००० |
| २४ | गणेश बहादुर श्रेष्ठ | ४ | श्रीमतीको मृगौला फेल तथा आर्थिक विपन्नता | २०,००० |
| २५ | हस्त बहादुर सार्की | ४ | छोरालाई टि.वी. तथा आर्थिक विपन्नता | १०,००० |

ख) नगरपालिकामा रहेका गरिब, बिपन्न, असाहयहरु, विभिन्न रोगबाट पिडीत तथा ग्रसित दीर्घरोगी परेको, ठुलो शाल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरुलाई वडाको सिफारिस, नागरिकता, अस्पतालबाट आएको कागजात सहितको निवेदनको आधारमा बढीमा रु. १०,००० सोझै उपलब्ध गराउने निर्णय गरियो ।

ग) कटारी अस्पतालबाट प्रदान गरिने सेवाको विस्तृतीकरण गर्न बाल रोग विशेषज्ञ राख्न पर्ने भएकोले सो कामको लागि आवश्यक प्रक्रीया सुरु गर्न नगर अस्पतालाई अनुरोध गर्ने साथै सोहि कामको लागि श्रोतको व्यवथापन गर्ने निर्णय गरियो ।

घ) बिजया दशमी २०७९ को अवसरमा कटारी ब्याटमिन्टन संघले आयोजना गरेको ब्याटमिन्टन प्रतियोगिताको लागि संघले माग गरेको मिति २०७९/०६/१२ गतेको पत्र अनुसार नगरको खेलकुद कार्यक्रम शीर्षकबाट रु. ६०,००० बिनियोजन गर्ने निर्णय गरियो ।

ङ) ईलाका प्रशासन कटारीको मिति २०७९/०७/२२ को पत्र अनुसार सो कार्यालयको ना १ झ १४२३ नम्बरको गाडी मर्मत गरे बापतको रु. १,५०,००० दिने निर्णय गरियो।

च) विपद व्यवथापन कोष सहितको स्थानीय विपद व्यवस्थापन कार्यविधि तर्जुमा गरि नगरमा विपदबाट हुने क्षेतिलाई न्यूनीकरण गर्ने निर्णय गरियो ।

छ) वडा नं. १४ मा नगरपालिका र One Heart World Wide को साझेदारीमा निर्माण हुने Birthing center को लागि ५०,५०% लागत व्यहोर्न नगर सभा बाट नै स्वीकृत भै सकेको तर प्राविधिक इस्टिमेट अनुसार कम भएकोले थप अपुग रकमको लागि अवश्यक श्रोत व्यवथापन गर्ने निर्णय गरियो ।

ज) आ. व. २०७९/८० मा संचालन हुने नगर सभाबाट स्वीकृत वडा नं. ४, मरुवा खोला को चुला ढुंगा बेली ब्रिज (पुल) निर्माण आयोजनाको लागि प्राविधिक डिजाइन गर्न प्रदेश समपुरक साझेदारी शीर्षकबाट रु. ५,००,००० बिनियोजन गर्ने निर्णय गरियो ।

झ) वडा नं. ११ का वडाध्यक्ष श्री अनन्त हायुले प्रयोग गर्दै आएको लु. ८८ प. नम्बरको मोटरसाईकल मिति २०७९/०७/०८ गते साझ ५.३० बजे हर्देनीमा दुर्घटना हुदाँ उक्त मोटरसाईकलमा वडाध्यक्षसँग सवार यम्बर बहादुर श्रेष्ठको घटनास्थलमा मृत्यु भएकाले निजको परिवारलाई राहत स्वरुप आर्थिक सहायता शिर्षकवाट रु. २,५०,०००।- सहयोग गर्ने सर्वसमत निर्णय गरियो ।

ञ) कटारी न.पा. वडा नं. १ को बेलसोत स्थित कमलामाई ठूलो पोखरीवाट त्यस क्षेत्रका खेतवारीमा सिँचाई गर्नका लागि यस चालु आ.ब. २०७९/८० को नगरस्तरिय कार्यक्रममा विनियोजन भएको बजेटवाट प्राविधक ल.ई बमोजिम कमलामाई ठूलो पोखरी समूह बेलसोत शिर्षकमा खर्च लेख्ने गरी आवश्यक रकम रु ५,२५,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

ट) मृगौला प्रत्यारोपन गरेका, डाएलाइसिस गरिरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका बिरामीलाई औसधि उपचारबापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८ अनुसार यस न.पा. भित्रका मृगौला प्रत्यारोपन गरेका, डाएलाइसिस गरिरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका बिरामीलाई कार्यविधिको दफा ४ अनुसार त्रैमासिक रुपमा भुक्तानी दिने उल्लेख भएकोले आश्विन मसान्तसम्म दर्ता भएका नियमानुसार भुक्तानी पाउने बिरामीहरुको निवेदन/ प्रमाणित कागजातको आधारमा रकम उपलब्ध गराउन हाललाई यस कटारी न.पा. को आ.ब. ०७९/०८० को " स्थानिय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब, महगी भत्ता, स्थानिय भत्ता, पोषाक लगायत प्रसासनिक खर्च समेत " शिर्सकबाट भुक्तानी गर्ने र कार्यविधिको दफा ५ बमोजिम सोधभर्नाका लागि अर्ध बार्षिक रुपमा स्वास्थ्य मन्त्रालयमा पेस गरि रकम प्रासिको कारबाही अगाडी बढाउने निर्णय गरियो ।

ठ) आ.व. ०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कटारी न.पा. प्रशासकीय अधिकृत भवन निर्माणको लागि ल.ई. ६४० लाख हुन आएको न.पा. वाट ११० लाख र संघिय समपुरक कोषवाट ११० लाख गरी जम्मा २२० लाख स्वीकृत भएको हुँदा बाँकी नपुग रकम आगामी आ.व. २०८०/८१ को समपुरक कोष र कटारी न.पावाट व्यहोर गर्ने गरी भवनको तेश्रो तल्लासम्मको कार्य सम्पन्न गर्ने गरी ठ्क्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

ड) मिति २०७९/०४/१० गतेको टिप्पणी र आदेश बमोजिम मिति २०७९/०३/१५ गते परेको बर्षाका कारण वडा नं. ३ र ४ का विभिन्न स्थानहरुमा वर्षा र बाढीले क्षति पुर्याएको हुदाँ सो स्थानहरुमा तत्काल मर्मत गर्नु पर्ने भएकाले विपद ब्यवस्थापन आर्थिक सहायता कार्यक्रमवाट खर्च हुने गरी कार्यक्रम स्वीकृत भएकोमा सोही शिर्षकवाट खर्च हुने निर्णय गरियो ।

ढ) यस कटारी नगरपालिकाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कटारी न.पा. मातहतको कटारी अस्पतालले संचालन गर्ने गरी शव वहान खरिद गर्नु पर्ने भएको हुदाँ शव-वहान संचालन अनुमति र सम्बन्धीत निकायमा भन्सार छुट तथा कर छुटका लागि सिफारिस पाउन जिल्ला एम्बुलेन्स सेवा संचालन समिति, उदयपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।